bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY



दिप इन्टरप्राइजेज
आँबुखैरेनी-३, तनहुँ । बजाज शो-रूम, उचित भवन
सम्पर्क : ०६५-५४०५७६, ५४०४८२

वर्ष ४० अंक १६६ | २०७८ कात्तिक ०५ गते शुक्रबार, नेपाल सम्वत् ११४१ October 22, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**ग्रामीण क्षेत्रमा खेलकुदको रौनकः** तनहुँको भानु नगरपालिका-१३ मिर्लुङस्थित ठुलोढुङ्गामा सिद्धबाबा युवा क्लब पयाँस्वाराले आयोजना गरेको 'नबौं सिद्धबाबा कप-२०७८' फुटबल प्रतियोगिताको प्रि क्वटर चरणमा प्रवेशका लागि प्रतिस्पर्धा गर्दै खेलाडीहरू । दशै पर्वका अवसरमा आयोजित फुटबाल प्रतियोगितामा २९ टिमको सहभागीता रहेको छ । *तस्विर: भञ्ज्याङ*

# एमालेको दशौं महाधिवेशन चितवनमा

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेकपा एमालेको १० औं महाधिवेशन चितवनमा हुने भएको छ। बिहीबार बसेको स्थायी कमिटी बैठकले मंसिर १० देखि १२ सम्म हुने महाधिवेशन चितवनमा गर्ने निर्णय गरेको सचिव गोकर्ण विष्टले जानकारी दिए । महाधिवेशनको तयारी गर्न मूल व्यवस्थापन समिति पनि गठन भएको छ । रामबहादुर थापा बादलको संयोजकत्वमा २१ सदस्यीय मूल व्यवस्थापन समिति गठन भएको हो । समितिको सदस्यहरू सुरेन्द्र पाण्डे, योगेश भट्टराई, विष्णु रिमाल, काशीनाथ अधिकारी, राजन भट्टराई, देवी ज्ञवाली, विनोद श्रेष्ठ, सीता पौडेल, आनन्द पोखरेल, कपिल पोखरेल, कृष्णभक्त पोखरेल, पार्वती रावल रहेका छन् ।



यसबाहेक सातै प्रदेश र सम्पर्क समन्वय कमिटीको प्रतिनिधि मूल व्यवस्थापन समितिमा रहने बैठकले निर्णय गरेको छ । बैठकले बाढी, पहिरो र डुवान प्रभावित क्षेत्रको वडा अधिवेशन र पालिका अधिवेशन सार्ने निर्णय भएको छ।

तर कात्तिकभित्र सबै वडा र पालिका अधिवेशन गरिसक्ने सचिव प्रदीप ज्ञवालीले बताए । एमालेले कात्तिक ६ मा तोकिएको वडा र कात्तिक ९ मा पालिका अधिवेशन गर्ने तयारी गरेको छ ।

बैठकले १५-१७ असोजमा भएको विधान महाधिवेशनको समीक्षा पनि गरेको छ । विधान महाधिवेशनले भावनात्मक एकता सिर्जना गरेको र सफल भएको निश्कर्ष निकालेको ज्ञवालीले बताए।

३१ असोजदेखि परिरहेको अविरल वर्षापछि आएको बाढी, पहिरो र डुवानबाट पुगेको क्षतिप्रति दुख व्यक्त गर्ने निर्णय बैठकले गरेको छ । बाढी, पहिरो र डुवानमा परेकाहरूलाई उद्धार, राहत र पुनर्स्थापनामा परिचालित हुन एमालेले कार्यकर्ता पंक्तिलाई निर्देशन एमालेले दिएको छ ।

बैठकले रेडक्रस सोसाइटी र एनआरएनएको गतिविधिमाथि सत्तारूढ पक्षबाट भएको हस्तक्षेपको विरोध जनाएको ज्ञवालीले बताए। अर्को बैठक शुक्रबार दिउँसो २ बजे बस्ने भएको छ । भोलिको बैठकमा दश बुँदे कार्यान्वयनमा देखिएको समस्याबारे समेत छलफल गर्ने कार्यसूची छ ।

स्वास्थ्य परीक्षण सम्बन्धित सूचना

छाला तथा यौन रोग सम्बन्धी बिरामीहरूको लागि सुवर्ण अवसर

**कार्तिक ५ गते शुक्रबार**को दिन **काठमाण्डौं बीर अस्पताल**का वरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ **डा. आर बि सिंह** आउनुहुने हुँदा नयाँ तथा पुराना छाला तथा यौन रोग सम्बन्धी बिरामीहरूले सम्पर्क गरी उपचार गराउन सक्नुहुनेछ । अग्रिम बुकिङको लागि टेलिफोनबाट आफ्नो नाम दर्ता गराउन पनि सक्नुहुनेछ।

*नोटः परीक्षण गर्ने समय विहान १० बजेबाट बेलुकी ५ बजेसम्म*

**प्रसन थापा मेडिकल हल**

व्यास-२, मिनराज कम्प्लेक्स (हाईवे, शहिद गेट) दमौली

**सम्पर्क** : ९८६७११८०२९, ९८२६१५४०७४, ९८२९१२०३२६, ९८१९१५९८१५

घर बाहिर निस्कदा तथा भिडभाडमा जाँद अनिवार्य रूपमा मास्कको प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, साबुनपानीले हात धुने गरौं

# कांग्रेस सुधारको बाटोमा अगाडि बढेको छ : वरिष्ठ नेता पौडेल

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेस सुधारको बाटोमा अगाडि बढेको बताएका छन् । नेपाली कांग्रेस भिमाद नगर समितिले बिहीबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यत्रक्रमलाई सम्बोधन गर्दै उनले कांग्रेस सुधारको बाटोमा अगाडि बढ्न खोजेको आभाष हुन थालेको कांग्रेसमा आकर्षण बढेको चर्चा गर्दै कांग्रेसलाई सुधार र सिद्धान्तको बाटोमा अगाडि बढाउने संकल्प देखा परेको बताए ।

वरिष्ठ नेता पौडेलले भने, "सुदूरपश्चिमदेखि पूर्वसम्म, हिमालदेखि तराईसम्म कांग्रेसमा नयाँ जागरण देखा परेको छ । यसले निश्चय नै नेपालको राजनीति, लोकतान्त्रिक मान्यता र परिवर्तनलाई संस्थागत गर्न सहयोग



बताएका हुन् ।

"कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत देशभर महाअभियान चलिरहेको छ", वरिष्ठ नेता पौडेलले भने, "कांग्रेसमा लहर आएको छ, यसले नेपालमा लोकतन्त्रको भविष्य सुनिश्चित छ भन्ने आभाष हुन थालेको छ ।" उनले तल्लो तहबाटै पुग्छ ।" उनले दुई तिहाई मत प्राप्त कम्युनिष्ट पार्टी विभाजित भए पनि कांग्रेस त्यत्तिकै ढुक्क हुने अवस्था नरहेको बताएका छन्। "कांग्रेसको प्रमुख विपक्षी कम्युनिष्ट पार्टी हो", उनले भने, "अरू फुटे भनेर हामी रमाउने होइन, हामीले

बाँकी तेश्रो पेजमा

# बढीपहिरोबाट मृत्यु हुने १०१ पुगे, ४१ बेपत्ता

**रासस**/काठमाडौं

पछिल्लो समयमा परेको भारी वर्षापछि आएको बाढीपहिरो र डुबानमा परी देशका विभिन्न जिल्लाका १०१ जनाको मृत्यु भएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार बाढीपहिरोमा परी प्रदेश-१ मा ६०, वाग्मतीमा एक, कर्णालीमा सात, सुदूरपश्चिममा ३१ र लुम्बिनी प्रदेशमा दुई गरी जम्मा १०१ जनाको मृत्यु भएको हो ।

प्रहरीले दिएको विवरणअनुसार प्रदेश-१ मा १९, कर्णालीमा ४ र सुदूरपश्चिममा १७ गरी ४० जना घाइते भएका छन् । घाइतेको स्थानीय अस्पताल उपचार भइरहेको छ । बाढीपहिरोमा परी प्रदेश-१ मा १३, प्रदेश-२ मा एक, लुम्बिनीमा तीन, कर्णालीमा एक र सुदूरपश्चिम प्रदेशमा २३ गरी जम्मा ४१ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिनुभयो । बाढीका कारण जम्मा दुई हजार २३२ वटा घर डुबानमा परेका छन् । बाढी पहिरोले ४९ घर, आठ गोठ, छ वटा पुल र तीन वटा सरकारी कार्यालयमा क्षति पुगेको जनाइएको । अहिलेसम्म १३९ पशु चौपायको मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट एक हजार १७७ परिवार विस्थापित भएका छन् ।

साथै बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा सार्ने र पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा प्रहरीले गरिरहेको छ । विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य पनि जारी रहेको जनाइएको छ ।



## सम्पादकीय ..........

# बेमौसमी वर्षा र कृषक

पानी कृषकका लागि अति आवश्यक हो । तर, अनुपयुक्त समयमा पर्ने पानीले कृषकलाई राहत भन्दा आहात बनाउँछ । अहिलेको बेमौसमी वर्षाले कृषकलाई राहत दिनुको सट्टा ठुलो क्षति पुऱ्याएको छ । दसैं पर्वमा रमाइरहेका कृषक अचानक बेमौसमी वर्षाले दसैंको उल्लासमा पुर्ण रूपमा रम्नै पाएनन् । दसैं पर्व सकेपछि पाकेको खेती थन्काउने तयारीमा रहेका कृषकहरू अहिले रूनु न हाँस्नुको अवस्थामा छन् । दसैंको टीकालगत्तै लगातारको वर्षाका कारण यतिखेर धानबालीमा नराम्रोसँग क्षति पुगेको छ । दसैंको जमरा सेलाउन नपाउँदै खेतमा पहेँलपुर भएर पाकेको धान काटेर भित्र्याउन नपाउँदै त्यस यताको लगातरको वर्षाका कारण भिजेकाले किसान चिन्तित छन् । वर्षभरका लागि दु:ख गरेर लगाइएको धान भिजेपछि यतिखेर किसानको मन रोएको छ । नकाटेको धान पनि पाकिसकेका कारण बोटमै झर्न थालेको छ । चाडो पाक्ने धानखेती गरेका कृषकको खेत र फाँटमा पहेँलपुर भएर धान पाकेको थियो । कति कृषकहरूले काटेर सुकाएका थिए भने कति दसैं लगतै काट्ने तयारीमा थिए ।

वर्षाका कारण तनहुँका विभिन्न ठाउँका धानबालीमा क्षति पुगेको छ । वर्षाले काटेर राखेको धान नष्ट बनाएको छ भने काट्न बाँकी रहेको धान डुबाएको छ । कृषि ज्ञान केन्द्र तनहुँले उपलब्ध गराएको नयाँ प्रजातिको धानको बिउ रोपेका कृषकको खेतमा धान पाकिसकेको थियो । लगातरको बेमौसमी वर्षाले जिल्लाका अधिकांश ठाउँमा धान बिगारेको छ । जिल्लाको व्यास, शुक्लागण्डकी, म्याग्दे, आँबुखैरेनी लगायतका धानखेतमा वर्षाले नोक्सान गरेको छ । यो वर्ष करिब २०/२५ प्रतिशत धान उत्पादन घट्ने अनुमान कृषि ज्ञान केन्द्र तनहुँले गरेको छ । केन्द्रका अनुसार जिल्लामा ११ हजार पाँच सय हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ । त्यसमध्ये दुई हजार पाँच सय हेक्टर क्षेत्रफलमा चैतेधान हुने गरेको छ । गत वर्ष एक लाख ४७ हजार मेट्रिक टन धान जिल्लामा उत्पादन भएको थियो । तनहुँसुर, सेपाबगैँचा, कलेस्ती, पुर्कोट, गजरकोटको अत्रौली, आँबुखैरेनी, साँगेलगायत क्षेत्रहरु धान खेतीका लागि उर्वर फाँट हुन् । बेमौसमी वर्षाले यस वर्ष चाँडो पाक्ने हाइब्रिड धानलाई बढी क्षति पुऱ्याएको छ । दसैं अघिका दिनमा राम्रै घाम लागेका कारण पनि किसान झुक्किन पुग्दा पाकेको खेती थन्काउन सकेनन् । चाँडो धान भित्र्याएर तरकारी खेती गर्ने सोचका कारण पनि दसैं लगत्तै किसानले धान काटेका थिए । रैथाने प्रजातिका धान ढिलो पाक्ने भएका कारण तिनमा भने यो पानीले खासै क्षति पुऱ्याएको छैन । नयाँ तथा हाइब्रिड प्रजातिका धानप्रति कृषकका आकर्षणका कारण जिल्लामा रैथाने प्रजाति लोप हुँदै जानु पनि यतिखेर चिन्ताको विषय बनेको छ।

उत्पादनका दृष्टिले पनि नयाँ उन्नत जातका धान रोप्न किसान आकर्षित हुन थालेकाले रैथाने जात विस्तारै लोप हुँदै गएको छ । धानको अति प्राचीन प्रजातिका रूपमा रहेको नाभोबाटै विस्तारै अन्य धानको विकास भएको मानिन्छ । पछिल्ला वर्षमा धेरै रैथाने जातका धान विस्तारै हराउन थालेको छ । रैथाने जातमा अधिकांशमा रोगसँग लड्ने क्षमता कम हुने गरेका कारण रोग प्रतिरोधी जातसँग क्रसिङ गरेर परम्परागत जात संरक्षण गर्ने गरिन्छ । नयाँ जातका धानको आगमनसँगै परम्परागतरूपमा रोपिने पोखरेली मसिनो (पहेँले), मनसरा, ठिमाहा, ताकमारे, खोलेमार्सी, आँपझुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, तौली, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्लेजस्ता धान विस्थापित हुने अवस्थामा पुगेका छन् । कृषकले अहिले सुधारिएको जेठोबूढो, खुमल, राधा सात, राधा नौ, सावित्री, मनसुली, पहेँलेजस्ता धान धेरै मात्रामा रोप्ने गरेका छन् । बास्नायुक्त र औषधीय गुण भएका धान छोड्दै उत्पादन बढी लिने सोचका साथ किसान हाइब्रिड जातका धानमा लोभिने गरेका कारण पनि हाइब्रिडले रैथाने जातलाई विस्थापित गर्दै लगेको छ । कृषकहरूले उत्पादन बढी लिने सोचका साथ रैथाने जातको खेती नगरिरहदा हाम्रा पराम्परागत रैथाने बाली संकटमा परेका छन् । स्थानीय सरकारले रैथाने बालीलाई संरक्षण गर्ने विषेश कार्यक्रम अगाडि ल्याउन सके भावी पुस्ताले रैथाने बालीको महत्व बुझ्ने अवसर पाउने छन् ।

# कस्तो शिक्षा ? कस्तो विद्यार्थी संगठन ?

हामीले अवलम्बन गरेको शिक्षाले हाम्रो देशको प्रतिबिम्ब झल्काउँछ। त्यसैले शिक्षालाई परिवार, समाज हुँदै देशको नै ऐना भन्ने गरिन्छ । उच्च शिक्षालाई पिरामिडसँग पनि दाँज्ने गरिन्छ। घर बनाउँदा पिरामिड शैलीमा बनाएजस्तै गरी शिक्षा नीति बनाउने देशको शिक्षा मजबुत हुने मानिन्छ । पिरामिड पनि वास्तविक रूपमा त्यो बेलामा बलियो हुन्छ, जहाँ नियमअनुसार मजबुत सामग्रीहरु प्रयोग गरिएको हुन्छ । हुन पनि हो, जति धेरै जगको स्थान ओगटेर घर बनायो, त्यत्ति नै घरको भार थाम्न सहज हुन्छ । तर हाम्रोमा पिरामिड शैलीमा योजना निर्माण हुन सकेन वा यही शैलीमा निर्माण भए पनि सही आकार पो दिन सकेनौं कि ? किनकि हाम्रो शिक्षा नीतिमा कहीँ न कहीँ खोट अवश्य नै छ। होइन भने समाज यतिधेरै पछाडि वा नकारात्मक किन छ?

चिया पसलदेखि जहाँ गएपनि अन्यौलता–नकारात्मक टिप्पणी सुन्ने बानी हामीलाई लगभग परिसकेको छ । जुन हामीलाई अहिले हाललाई सहज भए पनि अब आउने नयाँ पिंढीका निम्ति यो गतिलो सन्देश होइन । १२ पास गर्ने बित्तिकै धेरैजसो अभिभावकले आफ्नो सन्तानलाई विदेश पठाउनबाट रोक्न नसक्ने स्थिति छ । शिक्षाको सही नीति (गुणस्तर) वा भविष्यको सुनिश्चता यहीँ भएको भए निश्चय नै यो अवस्था आउने थिएन । उच्च शिक्षा पढ्न वा सिप सिक्न विदेश जानु राम्रो हुँदाहुँदै पनि विदेशमै भविष्य देख्नु देशको निम्ति चिन्ताको बिषय हो। देश विकासमा सकारात्मक सोच भएका युवा पिंढीहरूको नै मुख्य भूमिका हुने भएकोले, यी पुस्ताहरु विकसित देशको ग्रीनकार्ड लिन उत्प्रेरित हुनु वा देशमा यो किसिमको माहोल बन्नु हाम्रो देशको आगामी दिनको लागी शुभ संकेत हैन । हामीले जस्तो शिक्षा लियौं, समाजमा त्यसरी नै प्रतिफल पाउन थालिन्छ । अथवा, हाम्रो शिक्षा प्रणालीको प्रतिबिम्ब हाम्रै समाजमा भेटिन्छ।

शिक्षाअनुसार नै समाजले नागरिक अगुवा वा नेता पाउने हो । वा, जस्तो समाज त्यस्तै नेता । तर हामी नेताहरूलाई मात्र औंलो देखाउँछौं । नेता राम्रो लाग्दैन भने चुनावमा हराउन सक्ने लोकतन्त्र हाम्रो छ । तर हामी यो गर्न सक्दैनौं । किनकी हाम्रो शिक्षा कहिले पनि आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने हुनै सकेन । हुन नै पाएन । इतिहास हेर्ने हो भने शक्तिकेन्द्र दाहिना भए जे पनि गर्न, पाउन सकिन्छ भन्ने धारणा आम रूपमा विकसित बनिसकेको छ । यसले सीमित मानिसका लागि यो जस्तो फल्ने फुल्ने मौका अरू नहुन सक्छ । तर बहुसंख्यकको जीवन पीडादायी छ । त्यसैले जुन सुकै व्यवस्था आए पनि हाम्रो यात्रा अझै उल्टो दिशातिर नै छ वा प्रवृत्ति उही नै छ ।

शिक्षा क्षेत्रमा प्रशस्तै चुनौती छन् । स्वयं यो पंक्तिकार पनि केही वर्ष स्कूलको शिक्षक हुँदै त्रिभुवन विश्वविद्यालयमा एक दशक अध्यापन गराउँदै आइरहेको छ । साथै, लामो समयदेखि विदेशका विभिन्न विश्वविद्यालयहरूमा अटुट रूपमा अध्ययन, अनुसन्धानमा काम गर्दै आएको छ । मैले लामो समयदेखि हाम्रो शिक्षा क्षेत्रलाई नजिकबाट बुझ्ने, नियाल्ने र दाँज्ने मौका पाइरहेको छु । हुन त हाम्रो र बाहिरकोबाट नियाल्दा शिक्षा क्षेत्रमा आवद्ध व्यक्तिहरूलाई हेर्ने नजर धेरै नै फरक छ । पहिला त आम मानिसले महसुस गर्न सक्नेगरी हाम्रो शिक्षा क्षेत्रलाई यति नराम्रोसँग राजनीतिले गिजोलेको छ । जगबाट नै राजनीतिले जरा गाडिसकेको हुनाले पिरामिड शैलीबाट शिक्षाको विकास गर्न मुस्किल छ । किनकी यो क्षेत्रलाई राजनीतिको हाँगाबिंगाले ढपक्कै ढाकिसकेको छ । अझ अर्को शब्दमा भन्नुपर्दा पिरामिडको वास्तविक आकार नै निर्माण हुन पाए जस्तो लाग्दैन । दृढ इच्छाशक्ति भएको राजनीतिक नेतृत्व आए शिक्षा क्षेत्रलाई राजनैतिक गन्धबाट टाढा राख्न अझै पनि त्यति गाह्रो भने छैन । किनकी देश हाँक्ने, बनाउने भनेको उहाँहरूले नै हो ।



**हिजोका विद्यार्थी नेताको योगदान खुला समाज निर्माणमा भयो भने अबका विद्यार्थी नेताले समाजलाई नीतिगत बहसमा न्याय दिन सक्ने बनाउनुपर्छ ।**

**डा. प्रशान्त ध्वज अधिकारी**

हाम्रो राजनीतिक नेतृत्वबाट चुनिएका प्रधानमन्त्री वा मन्त्रीलाई विश्वविद्यालयको प्रमुख वा अन्य निकायमा नियुक्त गर्ने चलनबाट उहिले नै हटाइसक्नुपर्ने थियो। यसको अलावा विशिष्ट प्राध्यापक मध्येबाट विश्वविद्यालयको प्रमुख हुने प्रणालीमा गएर कुलपति, सहकुलपति र उपकुलपति हटाउन अब ढिलो गर्नु हुन्न । यसबाट शिक्षा क्षेत्रमा राजनीतिक हस्तक्षेपलाई बिस्तारै न्यूनीकरण गर्न सकिन्छ । कुनै पनि पेशागत हकहितको लागि संघ–संगठनको कल्पना गरिएको हुन्छ । हो, कहिलेकाँही राज्यले खुला समाजमा सानोको आवाज सुन्दैन । तर हाम्रोमा यसको पनि गलत परम्परा बस्दै आएको छ । विश्वविद्यालयहरूमा आफ्नो पार्टी अनुसारका प्राध्यापक, कर्मचारी र विद्यार्थीका संघ–संगठन छन् ।

विश्वविद्यालयबाट उत्पादित यिनै जनशक्तिहरु नै राज्यको अन्य निकायहरूमा खपत हुने भएकोले यो रोग फौजी संगठन बाहेक अन्यमा पनि व्याप्त छ । किनकी यसको मुहान भनेको नै शिक्षा क्षेत्र हो । जस्तो सिकाई त्यस्तै प्रतिक्रिया निर्माण हुने हो । विश्वविद्यालयबाट स्वतन्त्र विद्यार्थी युनियनमार्फत् आफ्नो राजनैतिक यात्रा सुरू गरेका अहिलेको राजनैतिक नेतृत्वमा हुनेहरूले खुला समाज निर्माण गर्न ठुलो भूमिका खेलेका छन् । अब विद्यार्थी युनियनमार्फत नयाँ राजनैतिक यात्रा सुरू गर्नेले विश्वविद्यालयमा विद्यार्थीहरूबीच आफ्नो हकहितको अलवा समग्र शिक्षा क्षेत्रको गुणस्तर वृद्धिको लागि ठोस योजनासहित प्रतिस्पर्धा गर्ने वातावरण निर्माण गर्नुपर्छ । किनकी हामी अब खुला समाजमा छौं । यसले गर्दा कुशल राजनैतिक नेतृत्व विकास भई भोलिको दिनमा देशलाई पनि सही तरिकाबाट कुशल नेतृत्व दिन सकियोस् ।

अबको शिक्षा नीतिले आत्मनिर्भर हुने बाटोतिर समाजलाई डोऱ्याउनु पर्दछ । नीति–निर्माण तहमा रहनेसँग विद्यार्थी नेताहरूले पनि त्यो यात्रालाई सहज बनाउन भूमिका खेल्नुपर्छ। त्रिभुवन विश्वविद्यालयमा स्वतन्त्र विद्यार्थी युनियनको यो 'स्वतन्त्र' भन्ने शब्द विश्वविद्यालयले थाम्न सक्ने भार हो या हैन? स्वतन्त्रको नाम मनपरीतन्त्र गर्ने छुट विश्वविद्यालयमा कसैलाई पनि हुनु हुँदैन। त्यसैले स्वतन्त्र विद्यार्थी युनियनको सट्टा त्रिभुवन विश्वविद्यालय पनि अबदेखि विद्यार्थी काउन्सिलको अवधारणमा जानुपर्छ। विद्यार्थी युनियनको चुनाव गरी नेतृत्व विकास गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

यहाँ पार्टीको भातृ संगठनको सट्टा समूहगत रूपमा (प्यानलमा) चुनावमा भाग लिने बाटोतिर जानुपर्दछ। यसो गर्दा पनि राजनैतिक गन्ध नआउने त हैन, तर पनि समाज न्यायोचित हुँदै जादा यस्ता गन्धहरु आफैं सेलाउँदै जान्छन् । यसले पनि शिक्षा क्षेत्रबाट राजनीतिलाई बिस्तारै भएपनि न्यूनीकरण गर्न टेवा पुऱ्याउने छ । यसरी निर्वाचित विद्यार्थी नेताहरूले विशुद्ध विद्यार्थी हकहितको र समग्र शिक्षा क्षेत्रको गुणस्तर वृद्धिको लागि आफ्नो योगदान समाहित गर्नुपर्दछ। यो भए विद्यार्थीहरूले पेशाप्रतिको निष्ठा, इमान्दारिता र जवाफदेहिता आफ्नो अध्ययनकाल मै सिक्ने र बुझ्ने मौका पाउँछन् । हाम्रा यिनै उत्पदानले नै हो, भोलि राज्यका स्थानहरु लिने । त्यसैले व्यवसयीकरणको सही अर्थमा विकास होस्।

यसरी नै देश विकासमा योगदान गर्ने निर्माणको सही चरणमा हामी प्रवेश गर्न सक्दछौं । हिजोका विद्यार्थी नेताको योगदान खुला समाज निर्माणमा भयो भने अबका विद्यार्थी नेताले समाजलाई नीतिगत बहसमा न्याय दिन सक्ने बनाउनुपर्छ । आज सञ्चार नपुगेको नेपाली ठाउँ शायद छैन होला । हाम्रो चेतना स्तर पनि धेरै नै माथि उक्लिसकेको छ । त्यसैले प्रत्येक व्यक्तिले आफ्नो पेशाप्रतिको निष्ठा, इमान्दारिता र जवाफदेहितालाई बोध गर्ने हो भने हाम्रो समाजलाई अझ अगाडि बढाउन त्यति गाह्रो छ जस्तो लाग्दैन । तर हामीले कस्तो शिक्षा नीति लिन्छौं, समाज त्यसरी नै प्रतिबिम्बित हुने हो । अनलाइनखबरबाट

**साबुन पानीले मिचिमिचि हात धुने बानीको विकास गरौं ।**


इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np


## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
पहिलेको सफलताले पनि हौसला जगाउनेछ । व्यापारमा फाइदा हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
कामको चापबाट फुर्सद पाइनेछ। विभिन्न सहयोग र उपहार हातलागी हुनेछन् ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
हल्लाको विश्वास गर्दा काम बिग्रन सक्छ । आज अरूलाई दिने नभई भित्र्याउने समय छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
दिगो काम प्रारम्भ गर्न समयले साथ दिनेछ । खर्च लागे पनि काम सम्पादन गर्न सकिनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
प्रयत्न गर्दा चुनौती चिर्दै काम बनाउन सकिनेछ। मिहिनेतले केही लाभ उठाउन सकिनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । व्यापारमा सामान्य फाइदा हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ। व्यापारमा राम्रै फड्को मार्ने समय छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
अरूको स्वार्थका लागि उपयोग भइएला । गोपनीयता बाहिरिनाले पनि समस्या पर्नेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
अभिव्यक्ति र लेखन कलामा पनि निखारता आउनेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सानो प्रयत्नले काम बन्नेछ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ ।



**पर्यटकीय गाउँ गुरूङ बस्ती** : कास्कीको घान्द्रुक गाउँपालिकामा अवस्थित गुरूङ बस्ती । स्वदेशी तथा विदेशी पर्यटक यहाँ घरवासका लागि र माछापुच्छे हेर्न आउने गर्छन् । तस्बिर : *प्रदीपराज वन्त/रासस*

# महिला अधिकारको विरोधमा तालिबानले पत्रकारमाथि आक्रमण

**रासस/एएफपी/**काबुल

काबुलमा महिला अधिकारकर्मीले गरेको प्रदर्शनको मिडिया कभरेज रोक्न तालिबानले बिहीबार कैयौं पत्रकारमाथि आक्रमण गरेको छ । शिक्षा मन्त्रालयको नजिकबाट अफगानिस्तानको राजधानीमा अवस्थित अर्थ मन्त्रालयसम्म रङ्गीन हेड स्कार्फ लगाएका महिलाको एउटा समूहले मार्चपास गर्दै शिक्षालाई राजनीतिकरण नगर्नु भन्ने नारा लगाएका थिए । 'हामीसँग अध्ययन गर्ने र काम गर्ने अधिकार छैन र बेरोजगारी, गरीबी, भोकले सताएको छ' भन्ने लेखिएको प्लेकार्ड ती महिला बोकेका थिए ।

तालिबान अधिकारीले ती महिलालाई करिब एक घण्टा ३० मिनेटसम्म स्वतन्त्ररूपमा हिड्न दिएको एएफपी समाचार समिति जानकारी दिएको छ । तालिबान लडाकूले. विदेशी पत्रकारलाई राइफल प्रहार गर्नुको साथै फोटोग्राफरलाई पछाडिबाट लात हानेका बताइएको छ ।

प्रदर्शनकारी आयोजकमध्येकी एक जाहरा मोहम्मदीले एएफपीलाई भनिन् कि महिला जोखिमको बावजुद मार्चपास गर्दै थिए। तालिबानले स्थानीय पत्रकार, विदेशी पत्रकार र महिला कर्सैको पनि सम्मान नगरेको उनले बताएकी छिन् । केटीको विद्यालय जाने अधिकारसमेत तालिबान खोसेको पनि उनले बताएकी छिन्।

**विजय दशमी, शुभदिपावली तथा छठ** पर्वको पावन अवसरमा हाम्रा समस्त ग्राहक, शुभचिन्तक एवं सम्पूर्ण देशबासि महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना ।**

**प्रो. शिवलाल अधिकारी**

**एस.के. दाजुभाइ सप्लायर्स हार्डवेयर**

ब्यास-२, भोर्लेटार चोक, दमौली, तनहुँ । मो. ९८४८४२७१०८, ९८५६०६०१०७

घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरू सुपथ मूल्यमा उपलब्ध गराइन्छ

# धान डुब्यो, गहुँ लाउने आश मऱ्यो

**गोपालप्रसाद बराल/**महोत्तरी

दसैं र मोहम्मदको पर्व मनाएसँगै महोत्तरीका किसान गम्भीर चिन्तामा परेका छन् । हिन्दू परम्पराको दसैं सकिनैलाग्दा र इस्लाम परम्पराको महत्वपूर्ण पर्व मोहम्मद डे मनाइरहँदा गत मंगलबार परेको बेमौसमी वर्षाले यहाँका किसान गम्भीर चिन्तामा परेका हुन् । सोमबार मध्यरातपछि मंगलबारभरि परेको पानीले धानबाली डुबाएर नोक्सान गरेको र खेतबारी जलमग्न भएपछि अबलगत्तै गहुँ र अन्य हिउँदेबाली लगाउन पाइने आश मरेको यहाँका किसान बताउँछन् ।

"बूढापाकाले दसैं कहिले त दशा लिएर आउँछ भन्थे, यसपालि त्यस्तै भयो", बर्दिबास नगरपालिका-९ पशुपतिनगरको टोकीटोलका किसान रामचन्द्र थापामगरले खेतमा डुबेको धान देखाउँदै भन्नुभयो, "जीवन गुजाराको मुख्यबाली थन्क्याउने बेलामा हातबाट गयो।" धान डुबेर नोक्सान भएको र खेतबारीमा वर्षाको पानीको अत्यधिक चिस्यानले लगत्तै अब गहुँ र अन्य हिउँदेबाली लगाउन नपाउने भएपछि यसपालि जहान परिवार कसरी पाल्ने भन्ने चिन्ताले पिरोलेको मगरको भनाइ छ ।

मंगलबार कोजाग्रत पूर्णिमा पर्वमा धनधान्यकी देवी लक्ष्मीको पूजाआराधना र मोहम्मद पैगेम्वरको जन्मदिन मनाउने उत्सवको तयारीमा थिए । त्यसै दिन परेको पानीले 'मुखको माड' खोसिएको यहाँका आम किसानको गुनासो छ ।

खेतमा पाकी सकेको धान कतिले काटेर पसी (धान काटेर खेतमै सुकाउन फैलाएर राखिने काम) सुकाएका थिए । कति अब एक/दुई दिनभित्रै धान काट्ने तयारी गर्दै थिए । अचानक परेको पानीले पसी डुबाएको र बोटकै धान पनि सोत्तर बनाएर लडाएको भङ्गाहा नगरपालिका-४ रामनगरका ७५ वर्षीय किसान इस्लाम राइनले गहँभरि आँशु काढ्दै बताउनुभयो । "हामी पर्व मनाउने तयारीमा थियौँ", राइनले भन्नुभयो । धर्तीमा पाप बढेसँगै प्राकृतिक विपद् बढेको राइनको विश्वास छ ।

पछिल्लो बेमौसमी वर्षाले मुखमा आएको धानबालीमा गरेको नोक्सानीले यसपालि अन्नको संकट बढ्ने किसान बताउँछन् । "थन्क्याउने बेलाको धान अब खेतमै उम्रने भयो, तरकारीबालीका बोट र लहरा पानीले डुबेर पहेँलिए", भंगाहा-५ भुचक्रपुरका किसान दीपनारायण चौधरी थारूले भन्नुभयो, "पानीले गर्दा खेतबारी खनजोत गर्ने अवस्था नहुँदा अर्को बाली लगाइहाल्ने अनुकूलता पनि रहेन, खै के गरी गुजारा चलाउने ? रनभुल्लमा परियो ।"

पछिल्लो वर्षाले जिल्लाको खेतीपाती लथालिंग बनाएको किसान बताउँछन् । तयार बाली खेतमा डुबेको र लगत्तै अर्को बाली लगाउन पाइने आश मरेको बलवा नगरपालिका-१० का किसान हासिम राइनको भनाइ छ । जिल्लाको कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये अनुकूल वर्षा हुँदा ४०/४५ हजार हेक्टरसम्म धान खेती गरिन्छ । स्थायी सिँचाइको समुचित प्रवन्ध नहुँदा आकासे पानीकै भरमा गरिने खेतीमा कहिले पानी नहुँदा धान रोप्न नपाइएको चिन्ता र कहिले कुसमयको अतिवृष्टिले लगाको बाली नोक्सान गर्ने आफूहरूको नियति नै बनेको गौशाला नगरपालिका-१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मी महतो बताउनुहुन्छ ।

यसपालि करिब ३५ हजार हेक्टरमा धानबाली रहेको कृषि ज्ञानकेन्द्र महोत्तरी कार्यालयको आँकडा छ । पछिल्लो वर्षाले १०० हेक्टरभन्दा केही बढी क्षेत्रफलको काटेर पसी सुकाइएको धान डुबाएको अहिलेसम्मको अनुमानित तथ्याङ्क छ । यसबाहेक एक/दुई दिनमै काट्न तयारी रहेको धानका बोट पानीले लडाएर नोक्सान गरेको छ । यद्यपि लडेका धानका बोट उठाएर नोक्सानी कम गर्न सकिने र वर्षा थामिएको हुँदा केही दिनपछि अत्यधिक चिस्यान भएको जग्गा रूखिँदै गएर खनजोत गर्ने र नयाँबाली लगाउन सकिने कार्यालयका कृषिविज्ञ बताउँछन् ।

पछिल्लो वर्षाले महोत्तरीसहित प्रदेश-२ का आठवटै जिल्लामा व्यापक क्षति गरेको हुँदा संघीय सरकारले तत्काल किसानलाई राहत दिने प्याकेज (योजना) दिनुपर्ने प्रदेश सरकारले माग गरेको छ । प्रदेशका मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीले खेतीपातीमा भएको क्षतिबारे सङ्घीय सरकारको ध्यानाकर्षण गराउँदै राहत प्याकेजको माग गर्नुभएको हो । रासस



**भिजेको धान सुरक्षित स्थानतर्फ लगिँदै** : शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीमा काटेर सुकाइएको धान भिजेपछि पानीबाट निकाल्दै किसान । *तस्बिरः राजेन्द्रप्रसाद पनेरू/रासस*

# कांग्रेस सुधारको ................

आफ्नो संगठन बलियो बनाउनुपर्छ। हामी आफैमा सजग र प्रतिबद्ध भएर अगाडि बढ्नुको विकल्प छैन।" तनहुँका दशवटै पालिकाबाट विजयी भएर आएका सबै नेता तथा कार्यकर्तामा आफ्नो अनुहार देखेको भन्दै वरिष्ठ नेता पौडेलले यो वा त्यो भनेर कित्ता छुट्याउन नहुनेमा जोड दिए। उनले भने, "कांग्रेसलाई लोकतान्त्रिकरण र रूपान्तरण गर्ने उत्साह लिएर निर्वाचित भएर आएका सबैमा मैले मेरो अनुहार देखेको छु।"

नेपाली कांग्रेस तनहुँका सभापति बैकुण्ठ न्यौपानेले राजनीतिलाई व्यवस्थित गर्ने अभियानमा लाग्नुपर्नेमा जोड दिएका छन् । नेपाली कांग्रेस तनहुँका कार्यवाहक सभापति जितप्रकाश आलेले विचार र प्रेरणाको स्रोत बिपी कोइरालापछि रामचन्द्र पौडेल भएको दाबी गर्दै कार्यकर्ताले नेता छान्दा मूल्यांकन गर्नुपर्ने र १४औं महाधिवेशनमा सही नेतृत्व छनोट गर्न आग्रह गरे । नेपाली कांग्रेस भिमाद नगरसमितिका सभापति अरविन श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा कांग्रेस क्षेत्रीय सभापति किसान गुरूङ, राष्ट्रियसभा सदस्य प्रकाश पन्थ लगायतले आ-आफ्नो बिचार व्यक्त गरेका थिए ।

**स्वास्थ्य परीक्षण सम्बन्धी खुसीको खबर !!!**

**कात्तिक ०६ गते शनिबार**

१) पोखरा डाइविटिज-एण्ड-थाइराइड सेन्टरका वरिष्ठ फिजिसियन, सुगर, थाइराइड तथा मुटु रोग विशेषज्ञ डा. तिर्थलाल उपाध्यायद्वारा स्वास्थ्य परिक्षण ।
२) काठमाडौ अल्का अस्पतालका वरिष्ठ **बाथ रोग तथा युरिक एसिड रोग विशेषज्ञ डा. अभिलाशा शाहा**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसंग सम्बन्धित विराकीहरूले समस्या समाधानका लागि यथाशिघ्र सम्पर्क राखि सेवा लिनुहुन जानकारी गराइन्छ।

**बाथ रोगका लक्षणहरू :**
१) साना तथा ठुला जोर्नीहरू दुख्ने, सुनिने, कक्रक्क पार्ने ।
२) आरामको समयमा ढाड, जोर्नी बढी दुख्ने ।
३) बिहानको समयमा शरीर अरङ्ठ हुने ४) मांसपेशी दुख्ने, गल्ने
५) थकाई बढी लाग्ने । ६) बारम्बार गर्भधारण समस्या आउने ।
७) घाममा अनुहार बढी रातो हुने वा पोल्ने ।
८) कपाल बढी झर्ने ९) मुख भित्र बारम्बार घाउ आउने ।
१०) चिसोमा औंलाहरू निलो, सेतो हुने ।
११) खुट्टाको बुढी औंला वरिपरि रातो भएर दुख्ने ।
१२) कुर्कुच्चा मोल्ने, दुख्ने । १३) मांशपेशी कमजोर हुने ।
१४) लामो समयसम्म ज्वरो आउने ।
१५) खकारमा रातो रगत देखा पर्ने । १६) आँखा बारम्बार रातो हुने

**हाम्रा उपलब्ध सेवाहरू :**

१) **डा. हेमन्त श्रेष्ठ**द्वारा दैनिक बिरामी जाँच ।
२) आधुनिक प्रयोगशाला द्वारा रगत, दिशा, पिसाबको परिक्षण ।
३) भिडियो एक्सरे सेवा । ४) प्रत्येक हप्ता शनिबार विशेषज्ञ सेवा ।
५) ई.सि.जी सेवा । ६) ड्रेसिङ्, सुचरिङ् र प्लास्टर सेवा ।
७) गुणस्तरीय फार्मेसी सेवा ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिरिङ, तनहुँ । गण्डकी प्रदेश

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ कात्तिक ०५, शुक्रबार
October 22, 2021



**कृषकलाई ब्याड बोका :** तनहुँको ब्यास नगरपालिका-७ का अगुवा बाख्रा पालक कृषकहरूलाई बोयरजातको ब्याड बोका बितरण गर्दै वडाध्यक्ष शतिस न्यौपाने । *तस्विर : भञ्ज्याङ*

# माओवादीले तोक्यो ३२ विभागका प्रमुख

**रासस/काठमाडौं**

नेकपा (माओवादी केन्द्र)ले विभाग र प्रतिष्ठानको प्रमुखको टुङ्गो लगाएको छ । पार्टी कार्यालय पेरिसडाँडामा आज बसेको स्थायी समिति बैठकले ३२ विभाग र एक प्रतिष्ठानको नेतृत्व टुङ्गो लगाएको पार्टी प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो। अर्थ तथा योजना विभागका प्रमुखमा वर्षमान पुन रहनुभएको छ । यस्तै उद्योग विभागमा वामदेव क्षेत्री, उपभोक्ता हित तथा आपूर्ति विभागका प्रमुखमा मातृकाप्रसाद यादव, कृषि तथा भूमिसुधार विभागमा हरिबोल गजुरेल, कोष तथा आर्थिक व्यवस्थापन विभागमा डोरप्रसाद उपाध्याय, खानेपानी तथा सरसफाइ विभागको प्रमुखमा बिना मगर रहनुभएको छ ।

यस्तै जलस्रोत, सिँचाइ तथा ऊर्जा विभागमा लीलामणि पोखरेल, निर्वाचन विभागमा खिमलाल देवकोटा, कानुन, न्याय तथा मानवअधिकार विभागमा मुक्ति प्रधान, पर्यटन प्रवर्द्धन तथा नागरिक उड्डयन विभागमा झक्कुप्रसाद सुवेदी, प्रचारप्रसार तथा प्रकाशन विभागमा कृष्णबहादुर महरा, प्रादेशिक मामिला विभागको प्रमुखमा परशुराम तामाङ रहनुभएको छ ।




स्कुल विभागमा प्रमुख गिरिराजमणि पोखरेल तोकिनुभएको छ । स्कुल विभागको इन्चार्जमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' रहनुभएको छ । पुस्तकालय तथा अभिलेख विभागमा नारायणप्रसाद शर्मा, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभागमा हरि अधिकारी, युवा तथा खेलकुद विभागमा गणेशमान पुन, राजकीय मामिला तथा सुशासन विभागमा रेखा शर्मा, वन तथा वातावरण विभागमा शक्ति बस्नेत, विज्ञान तथा प्रविधि विभाग गणेश साह र विदेश मामिला विभागमा नारायणकाजी श्रेष्ठ रहनुभएको छ ।

यस्तै शिक्षा तथा मानव स्रोत विभागमा मायाप्रसाद शर्मा, श्रम तथा रोजगार विभागमा रामेश्वर राय यादव, संगठन विभागमा जनार्दन शर्मा, संघीय संसदीय विभागमा देवप्रसाद गुरुङ, समाज कल्याण विभागमा सत्या पहाडी, सहकारी तथा गरिबी निवारण विभागमा धर्मदत्त देवकोटा, सहरी विभागमा देवेन्द्र पौडेल, सामान्य प्रशासन विभाग टेकबहादुर बस्नेत, साहित्य, कला तथा संस्कृति विभागमा गोपाल ठाकुर, स्थानीय तथा विकास विभागमा उर्मिला अर्याल र स्वास्थ्य तथा जनसंख्या विभागमा कल्पना धमलालाई संयोजक तोकिएको प्रवक्ता महराले जानकारी दिनुभयो।

सबै विभागमा बढीमा ३५ जना सदस्य रहनेछन् । बैठकले नीति तथा अनुसन्धान प्रतिष्ठानको पनि गठन गरेको छ । प्रतिष्ठानको अध्यक्षमा रामचन्द्र झा हुनुहुन्छ । विपद् व्यवस्थापन विभाग गठन गर्न बाँकी रहेको उहाँले बताउनुभयो। बैठकले डिलाराम आचार्यको संयोजकत्वमा १७५ सदस्यीय सम्पर्क समितिसमेत गठन गरेको छ । राजधानीमा रहेका विभिन्न प्रदेशका पार्टी सदस्यलाई सङ्गठित गर्ने उद्देश्यले सम्पर्क कमिटीको गठन गरिएको उहाँले बताउनुभयो ।

# बेमौसमी वर्षाको असर : आन्तरिक पर्यटकको विजोग

**रासस/म्याग्दी**

परिवारसँगै मुस्ताङ भ्रमणमा जानुभएका सुनसरीका उद्धव अधिकारीलाई बेनी-जोमसोम सडक पार गर्न २० घण्टा लाग्यो । सामान्य अवस्थामा ७६ किलोमिटर दूरीको यो सडक पार गर्न चारदेखि पाँच घण्टा लाग्दथ्यो । मङ्गलबार बिहान जोमसोमदेखि हिँडेका उहाँको टोली बुधबार राति बेनी आएको थियो । "मुस्ताङ घुम्दा जति रमाइलो सडकमा पाएको पीडा र सास्तीले बिर्सायो," उहाँले भन्नुभयो, "लगातारको वर्षा र जीर्ण सडक अवस्थाले मुस्ताङ यात्रा दुखदायी बन्यो ।" पहिरोग्रस्त रूप्सेछहरा, काभ्रे, बाँदरजुँगभीर र राहुघाट क्षेत्रमा सवारी जाम हुँदा हजारौं यात्रुले दैनिकजसो सास्ती पाएका छन् । साँघुरा र हिलाम्मे सडकमा गाडी फसेपछि दुईतर्फी गाडी आवतजावत हुन सक्दैनन् ।

मुस्ताङ भ्रमणबाट फर्किएका नुवाकोटका अच्युत ढकालले राहुघाटको पहिरोमा ११ घण्टा जाममा फसेर सास्ती पाएको दुखेसो पोख्नुभयो । "जोखिमयुक्त ठाउँमा नियमित मर्मत र सवारी आवतजावतको व्यवस्थापन नमिलाउँदा मुस्ताङ जाने आउने पर्यटकको विजोग भएको छ," ललितपुरका दीपक विष्टले भन्नुभयो, "फसेको गाडी तान्न रू एक हजार तिर्नुपर्‍यो । होटल व्यवसायीले अप्ठ्यारो अवस्थाको मौका छोपेर महँगोमा खाजा, खाना बेचेका छन्।"



दसैं लगत्तै म्याग्दी र मुस्ताङको प्राकृतिक सौन्दर्यमा रमाउन आएका पर्यटकले बेनी-जोमसोममा पाएको दुःखले म्याग्दीको बारेमा नकारात्मक सन्देश प्रवाह गराएको छ । बेनी-जोमसोम सडकको सबैभन्दा जटिल भाग मानिने दाना-घाँसा ५ किमी सडकखण्डमा मनसुन रोकिएपछि यातायात केही सहज भएको थियो।

मुस्ताङ भ्रमणमा साना गाडी र मोटरसाइकलमा आउने यात्रुको दैनिक भीड लाग्ने गरेको थियो । "दसैंको बिदामा रमाइलो गर्न आएको कहिल्यै नपाएको दुख पाइयो," पोखराका तिलक पौडेलले भन्नुभयो "राहुघाट र काभ्रेको जाममा फस्दाको पीडा मुस्ताङ उक्लेपछि भने बिर्सने रहेछ ।"

"मनसुन सफा नभइ मुस्ताङ आउने हतारो नगरौँ", विराटनगरका हरि शर्माले भन्नुभयो,"बेनी-जोमसोम सडकको यात्रा कष्टकर मात्र होइन, जोखिम पनि उत्तै छ ।" बेनी-घाँसा खण्डको राहुघाट, चमेरे, महभीर, गुइँठे, काभ्रे र बाँदरजुँगभीरमा सडक हिलाम्मे छ। सडक विस्तार गर्ने क्रममा भित्ता डोजरले खनेर छोडेकोले माथिबाट ढिस्कोसहित खसेपछि हिलाम्मे बनेको हो । रूप्से र बेगखोलामा बाढी आउदा सवारीसाधन आवतजावत गर्न सक्दैनन् । एकतर्फी यातायात सञ्चालन हुने पहिरोग्रस्त र जोखिमयुक्त ठाउँको सडकमा ठूला बस र फसेपछि ट्राफिक व्यवस्थापनमा समस्या भएको प्रहरी नायब उपरीक्षक श्यामकुमार राइले जानकारी दिनुभयो । सीमित प्रहरी र स्थानीयवासीले मात्र जाम खुलाउन समस्या भएको उहाँले बताउनुभयो।

बेनी-जोमसोम-कोरला सडक आयोजनाको बेनी-जोमसोम खण्डलाई ४ प्याकेज बनाइ नाली, ७ मिटर पिचसहित १० मिटर चौडा सडक निर्माण गर्न रू दुई अर्ब ४९ करोड लागतमा सडक विस्तारको काम गरिरहेको छ । विसं २०७६ मा निर्माण सकिनुपर्ने यो सडकको हालसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाका ठेकेदार शर्मा-युनाइटेड, ओमकार्यश्रय र शर्मा-गजुरमुखीले स्काभेटर तयारी अवस्थामा राखेर सडकमा नियमित यातायात सञ्चालनको पहल गरेपनि निरन्तरको वर्षा, प्रतिकूल भूगोल र सवारीसाधनको अत्याधिक चापले समस्या भएको जनाएका छन् ।

**facebook twitter**



**करुणा**
twitter.com/karunakcdotel12
जब अक्षरहरूसंग खेल्न थालिन्छनि तब शब्दहरु निर्माण हुन्छन् अनि तिशब्दहरूलाई विभिन्न तरिकाले पोख्न थालिन्छ कसैको माया बनेर याद बनेर आँसु बनेर दुख बनेर पीडा बनेर विभिन्न रूमबाट हामीले यी शब्दलाई पोखेर मनलाई शान्त बनाउछौ ।



**मोहन प्रसाद मैनाली**
twitter.com/mohanmainali
प्रकृतिले सबैका लागि बराबर समय दिएको छ । सदुपयोग गर्न जान्नेहरु बुद्ध बन्छन्, नजान्नेहरु बुद्दु! तर अधिकांश व्यक्तिहरु केही न केही विषयमा बुद्ध नै बनेका हुन्छन् चाहे सानो विषय होस् वा ठूलो । बुद्ध बन्ने ज्यादै कम हुन्छन् ।



**मदन कुमार**
twitter.com/Madankkharel
खुर्सानीको सुन्दरता पिरो हुनुमा भए जस्तै करेलाको शुन्दरता तितो स्वाद दिनुमै रहेको हुन्छ, यसर्थ प्राकृतिक रूपमा हामी आफू जे र जस्तो स्वभाव एवं स्वरूपमा अस्तित्वमा रहेका हुन्छौं त्यहीं रुपमै हाम्रो वास्तविक शुन्दरता झल्किने गर्छ, कोही जस्तो बन्नु वा कपि गर्नुमा हुदैंन ।



**जिसन**
twitter.com/Jisanmayal
औषत मान्छेहरूका आफ्ना सपना अरूको खुसी र अरूको सफलता हेरर देखेर त्यो भन्दा राम्रो र सबल जीवन जिउने आशमा जीवनमा सपना सजाउछ। अक्सर त्यहि सपना भित्र उ आफु अटाउन सकेको हुदैन ।

# वर्षाले धानबालीमा क्षति

**रासस/लमजुङ**

आइतबार रातिदेखि परेको अविरल वर्षाका कारण पाकेको धानबालीमा ठूलो क्षति पुगेको छ। दसैँअघि नै जिल्लाका अधिकांश क्षेत्रमा धान पाकेर पहेँलो भए पनि किसानले दसैँ चटारोका कारण धान काट्न भ्याएका थिएनन् । दसैँ टीका लगाएर किसान धान काट्न सुरु गरेका थिए । तर गत असोज ३१ गतेदेखि परेको बेमौसमी अविरल वर्षाका कारण लमजुङमा ७२ दशमलव २१ हेक्टर क्षेत्रफलमा लगाइएको धानबालीमा क्षति पुऱ्याइएको छ ।

कृषि ज्ञान केन्द्र लमजुङका अनुसार जिल्लामा कूल क्षेत्रफल १४ हजार ९७३ हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीमध्ये शून्य दशमलव ५ प्रतिशत क्षेत्रफलमा क्षति पुगेको छ । केन्द्रका प्रमुख सुदिप खतिवडाले भन्नुभयो, "अधिकांशमा ठाउँमा आंशिक क्षति भएको छ । दसैँ मनाउँदै गर्दा समेत धान पाकेकाले थन्काउनलाई काटेको अधिकांश धानबालीमा क्षति हुनपुगेको उहाँको भनाइ छ ।

जिल्लामा अधिकांश क्षेत्रमा किसानको पाकेको धानमा लगातारको वर्षाले क्षति पुऱ्याएको र अहिले पनि वर्षा जारी रहेकाले क्षतिको यकिन विवरण आउन नसकेको कृषि ज्ञानकेन्द्रले जनाएको छ । "दुई दिनसम्म धान काट्यौँ, अहिले लगातारको पानीले पाकेको धान सखाप पारेको छ, अब कसरी धानलाई भित्र्याउने भन्ने चिन्ता छ", राइनास नगरपालिका-८ का लालमाया श्रेष्ठले भन्नुभयो, "कमेरो फाँटमा धान काटेको थिएँ, पाँच हलको धान खेतमा क्षति पुगेको छ । दुःख गरेर उब्जाएको धान पनि थन्काउन नपाएपछि कसरी खाने भन्नुपर्ने स्थिति आउन थालेको छ ।" "यसपटक समयमा नै पानी परेपछि धान रोपाइँ पनि समयमा गरौँ, मलको अभाव पनि थिएन । धान पनि राम्रो थियो तर अहिले घरमा भित्र्याउन लाग्दा पानी परेर ठूलो क्षति भयो", उहाँले भन्नुभयो। वर्षाले धानबालीमा क्षति पुऱ्याउँदा किसान निराश बनेको उहाँको भनाइ छ ।

त्यस्तै, मध्यनेपाल नगरपालिकाका मोहन पौडेलले भन्नुभयो, "यहाँका अधिकांश खेतका धान पानीले डुबाउनुका साथै क्षति पुऱ्याएको छ । महिनौं खटिएर गरेको धानखेती क्षति हुँदा किसान रोएको उहाँको भनाइ छ । जिल्लाका अधिकांश किसानको समस्या उहाँहरु जस्तै छन् ।

जिल्लामा ४५ हजार ९९० मेट्रिक टन धान उत्पादन हुने गरेको अनुमान छ । तर यसवर्ष धान उत्पादन घट्ने कृषि ज्ञान केन्द्रको अनुमान छ । जिल्लामा धानबाली मात्र नभइ अन्य बन्दा, काउली, नर्सरी लगायतमा क्षति पुगेको छ। केन्द्र प्रमुख खतिवडाका अनुसार एक हजार ३५० हेक्टरमा तरकारी खेती गरिएकोमा ७ हेक्टरमा क्षति पुगेको छ ।

त्यस्तै, मास, कोदोलगायतका अन्नबालीमा समेत क्षति पुगेको छ । दसैँ मनाएर खुसीका साथ बाली थन्काउने तयारीमा रहेका जिल्लाका किसानलाई बेमौसमी वर्षाले किसानको खुसी खोसिदिएको छ । दुःख गरेजति अन्नबाली नउब्जने भए पनि खेती गरेका किसानलाई झन् समस्यामा पारेको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड
(उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना)
हेरेर मात्र खरिद गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४